**बैठक संख्या ४३** **मिति २०७६।०९। १६**

आज मिति २०७६।०९।१६ गतेका दिन दिउसो २.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**वैठक संख्या ४३** **मितिः २०७६/०८/१६**

**प्रस्तावहरुः**

१. समिक्षा
२. कृषि तथा पशुपंक्षी गणना सम्बन्धमा ।
३. नदी घाटबाट बिक्री ठेक्का सम्बन्धमा ।
४. योजना संशोधन तयारी गाउँ सभामा पेश गर्नका लागि सम्बन्धमा
५. अटो रिक्सा सञ्चालन सम्बन्धमा ।
६. ट्रयाक्टर खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धमा।
७. गलेश्वर आश्रमबाट पेश भएका योजनाहरु सम्बन्धमा ।
८. अध्यापन अनुमति सम्बन्धमा।
९. फलफूल खेती गर्न अनुमति दिने सम्बन्धमा ।

**निर्णयहरुः**

१. वडा नं. ५ मा सुरक्षित खानेपानी वडा घोषणा लगायतका विविध प्रगतिका विषयहरुमा छलफल गरियो ।
२. सबै वडाहरुले आ-आफ्नो वडाहरुमा कृषि तथा पशुपंक्षी गणना गर्ने निर्णय गरियो ।
३. देवघाट ५ त्रिशुली नदी भुवनटार घाटको ठेक्का लिने सन्ध्या सन्देश निर्माण सेवा व्यास-८ को धरौटी रकम १२० दिनको बैंक ग्यारेण्टी हुनु पर्नेमा ९० दिनको मात्र बैंक ग्यारेण्टी प्राप्त भएको तर सुनिश्चित निर्माण सेवा र सन्ध्या सन्देश निर्माण सेवाको रकम अन्तर रु. २६,६४,७७७/- र काली गण्डकी नदी काली भतेरी घाटको ठेक्का लिने सन्ध्या सन्देश निर्माण सेवा व्यास-८ को धरौटी रकम १२० दिनको बैंक ग्यारेण्टी हुनु पर्नेमा ९० दिनको मात्र बैंक ग्यारेण्टी प्राप्त भएको तर हिरोज कन्स्ट्रक्सन र सन्ध्या सन्देश निर्माण सेवाको रकम अन्तर रु. ७,३९,८८९/- परेकोले सन्देश निर्माण सेवाको ठेक्कालाई स्वीकृति नगर्दा गाउँपालिकालाई राजश्वमा रु. ३४,०४,६६६/- कम हुने हुँदा गाउँपालिकाको राजश्व आम्दानीको हितलाई ध्यान दिँदा सन्ध्या सन्देश निर्माण सेवा फर्मको ९० दिनको बैंक ग्यारेण्टी भए पनि सन्ध्या सन्देश निर्माण सेवा फर्मलाई नै स्वीकृतिको लागि आशय पत्रको सूचना निकाली सम्झौता गर्ने निर्णय गरियो । साथै सेती नदी तर्फको सबै घाटको IEE रिपोर्टमा भएको पूर्ण परिमाण नै निकाल्ने गरि सूचना गर्ने निर्णय गरियो ।
४. पाचौं गाउँ सभा मिति २०७६/०९/२७ मा पेश गर्ने प्रयोजनका लागि सबै वडाहरुबाट तथा शाखाहरुबाट संशोधन गर्नु पर्ने योजनाहरु भए मिति २०७६/०९/२५ गते भित्र गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।
५. देवघाट १ मा ५ वटा र देवघाट ५ मा २० वटा सम्म अटो रिक्सा सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।
६. गाउँपालिकामा १ ट्रयाक्टर आवश्यक परि खरिद प्रक्रिया अगाडी बढी मूल्यांकन र आशय पत्र सम्मको प्रक्रिया अगाडी बढेकोमा आशय पत्रको सूचना प्रकाशन भए पछि पूनः कागजात हेर्ने क्रममा सबैभन्दा कम कबोल अङ्क भएको फर्म नेपाल ट्रेड होस्ट प्रा.लि. बुटवलको डिलरसिप लगायतको

...र थापा

कागजात अपुग भएको देखिएकोले कार्यालयबाट ट्र्याक्टर खरिद प्रक्रिया रद्द गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

७. गलेश्वर आश्रमले पेश गरेको देवघाट ५ गणेश टोल पुलको मुख देखि बेनी संगमसम्म जाने पर्यटकिय मार्गको निर्माण गर्ने योजना स्वीकृत गर्ने निर्णय गरियो ।

८. विज्ञान र गणित विषयको शिक्षक करार पदपुर्ति गर्दा अध्यापन अनुमति पत्र प्राप्त उमेद्वार नरहेको खण्डमा पनि उमेद्वार छनौट गर्न सकिने निर्णय गरियो ।

९. देवघाट ५ साउनेको करिब ३०० रोपनी ऐलानी जग्गा र बसन्तपुरको करिब ३०० रोपनी ऐलानी जग्गामा फलफुल खेति गर्नका लागि सम्बन्धीत समुहलाई अनुमति दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष